## कोभिड बढेपछि संघाई फिल्म फेस्टिभल स्थगित

**हिमालय टाइम्स**

**बेइजिङ, २४ जेठ**

कोरोनाको संक्रमणमा वृद्धि भएपछि 'संघाई फिल्म फेस्टिभल' स्थगित भएको छ । चीनको प्रतिष्ठित फिल्म फेस्टिभल 'संघाई फिल्म फेस्टिभल' जुन महिनाको मध्यमा हुने गर्दथ्यो । महोत्सव अब आगामी वर्ष अर्थात् सन् २०२३ मा हुनेछ । आयोजकले फेस्टिभललाई आगामी वर्षसम्मका लागि स्थगित गरेको जानकारी दिएका छन् । आयोजकले फेस्टिभल स्थगित गर्नुपरेको क्षमा मागेको छ ।



'यदि कोरोनाबाट केही राहत मिल्यो र सर्तअनुसार सञ्चालनका लागि अनुमति मिल्यो भने दोस्रो ६ महिनामा प्रासंगिक फिल्म समारोह र थिम वाला कार्यक्रमको योजना बनाइनेछ । त्यसैअनुसार फेस्टिभलको आयोजना गरिनेछ', आयोजकले विज्ञप्तिमार्फत भनेको छ ।

जनवरी २०२० को अन्त्यदेखि जुलाई २०२१ सम्म चीनमा कोरोना महामारीको दर उच्च थियो । यही बेला लकडाउन लागू गर्दै सबै फिल्म हल बन्द गरिएका थिए । कोरोना संक्रमण विस्तारै घटदै गएपछि सबै खुला गरिएको थियो । तर, कोरोनाका डेल्टा भेरियन्ट आएपछि पुन: चीनमा लकडाउनको अवस्था आयो । यद्यपि १ जून २०२२ मा संघाई पुन: खोल्न अनुमति दिए पनि अहिले बढ्दो संक्रमणलाई ध्यानमा राख्दै नयाँ नियम लागू गरिएको छ ।

## चीनको याङ्जे नदीमा तीन करोडभन्दा बढी माछा

**बेजिङ⁄ एजेन्सी ।** चीनको मध्य क्षेत्रमा रहेको हुबेई प्रान्तको याङ्जे नदीमा सोमबार तीन करोडभन्दा बढी माछा छोडिएको छ । हुबेई प्रान्तीय सरकारका अनुसार यी माछाहरूमध्ये चिनियाँ स्टरगेन र यसबाट सुधारिएको प्रजातिलगायत केही संरक्षित प्रजाति पनि छन् । कृषि तथा ग्रामीण मामिला मन्त्रालय, हुबेई प्रान्तीय सरकार र थ्री गर्जेज ग्रुपले संयुक्त रूपमा माछा भण्डार बढाउन र जलीय जैविक विविधताको संरक्षण गर्न यस गतिविधिको आयोजना गरेको थियो ।

## मेरो भ्वाइस कप युएसएका प्रतिस्पर्धीलाई स्वागत



**हिमालय टाइम्स**

**काठमाडौं, २४ जेठ**

इन्ट्रा नेशनल वेल फेयर एण्ड सपोर्ट फाउण्डेशन अफ अमेरिका (इन्ट्रा फाउण्डेशन)ले अमेरिकामा आयोजना गरेको 'मेरो भ्वाइस कप युएसए र मेरो डान्स कप युएसए-सिजन २)को उत्कृष्ट १२ मा पर्न सफल प्रतिस्पर्धीलाई त्रिभुवन विमानस्थलमा स्वागत गरिएको छ ।

इन्ट्रा फाउण्डेशन, नेपाल च्याप्टरको आयोजनामा अमेरिकाबाट आउनु भएका २४ जना प्रतिस्पर्धीसहित ४२ जना व्यक्तिहरूलाई मंगलबार विमानस्थलमा स्वागत गरिएको हो । पञ्चेबाजासहित उहाँहरूलाई स्वागत गरिएको थियो । स्वागत पश्चात त्रिभुवन विमानस्थलबाट दुई दर्जन बढी मोटरसाइकल र्‍यालीसहित २४ प्रतिस्पर्धीलाई आयोजकले ठमेलको मुलबरी होटलमा पुऱ्याइएको थियो ।

होटलमा आयोजित पत्रकार सम्मेलनमा दुईवटा रियालिटी शोको विषयमा जानकारी दिइयो । ग्यालेक्सी फोर के टेलिभिजनबाट हरेक शुक्रबार र शनिबार प्रशारण भइरहेको यो शोको बाँकी १० भागको छायांकन नेपालमै हुनेछ । कार्यक्रमको फाइनल भने अमेरिकामै हुने आयोजकले जनाएको छ ।

अमेरिका र क्यानडामा रहेका नेपाली भाषीहरूले भाग लिएको प्रतिस्पर्धाअन्तर्गत 'मेरो भ्वाइस कप-२'को उत्कृष्ट १२ मा शीत्तल शर्मा, मुना लकान्ड्री, बाबु खालिङ, करण तामाङ, प्रेम अङदेम्बे, मेघा पौडेल, अजित सुब्बा, सम्राट गुरुङ, सागर सुवेदी र लिला गजमेर, संगीता बोगटी छन् । यस्तै, 'मेरो डान्स कप' को उत्कृष्ट १२ मा सुमन लामिछाने, सिवानी ढकाल, विशाल उप्रेती, रेजिना सुब्बा, रेनुका राई, सव्य विष्ट, सुमिका तामाङ, आयुषा समालगायत हुनुहुन्छ । यी दुवै कार्यक्रमको निर्देशक एलिन श्रेष्ठ हुनुहुन्छ ।

'मेरो भ्वाइस कप युएसए'को निर्णायकमा दीपक जंगम, सुरेश अधिकारी, शिव परियार, पुष्पन प्रधान, सुजाता वर्मा र अर्जुन रसाइली हुनुहुन्छ । 'मेरो डान्स कप, युएसए'को निर्णायकमा मिथिला शर्मा, दिलिप रायमाझी, केकी अधिकारी, शंकर विसी, सञ्चिता लुइँटेल र नरमान राई रहनुभएको छ । दुवै कार्यक्रमको सञ्चालन नायिका रीमा विश्वकर्मा र राजेश घतानीले गर्नुहुनेछ ।

कार्यक्रममा फाउण्डेशनका नेपाल च्याप्टर अध्यक्ष दिलिप रायमाझीले अमेरिकाबाट आएका प्रतिस्पर्धीहरूलाई स्वागत गर्नुभएको थियो ।

## 'खलंगामा हमला' पुस्तक माथि फिल्म बन्ने

**हिमालय टाइम्स**

**काठमाडौं, २४ जेठ**

झण्डै दुई दशकअघि जुम्लाको खलंगामा घटेको घटनामाथि लिखित मदन पुरस्कारबाट पुरस्कृत पुस्तक 'खलंगामा हमला' माथि चलचित्र (फिल्म) बन्ने भएको छ । राधा पौडेलद्वारा लिखित पुस्तक 'खलंगामा हमला'लाई विनोद विष्टले निर्देशन गर्नुहुनेछ ।

मंगलबार काठमाडौंमा पत्रकार भेटघाट गर्दै चलचित्र निर्माणको औपचारिक घोषणा गरियो । कार्यक्रममा लेखिका पौडेलले निर्देशक विष्टलाई विश्वास गरेर चलचित्र निर्माणका लागि अनुमति दिएको जानकारी गराउनुभयो । निर्देशक विष्टले यसअघि झमक घिमिरेको पुस्तक 'जीवन काँडाकी फूल' माथि चलचित्र निर्माण गर्नुभएको थियो ।

'मलाई यसअघि धेरैबाट तपाईंको पुस्तकमाथि हामीले चलचित्र बनाउँछौं भन्ने अफर आएको थियो तर विनोद दाइले यसअघि बनाएको जीवन काँडा कि फूल हेरेपछि मेरो दिमागमा विनोद दाइ बस्नुभएको थियो ।' लेखिका पौडेलले भन्नुभयो, 'विनोद दाइले नै चलचित्र बनाउछु भन्ने अफर ल्याउनुभयो । म खुशी भएँ ।'

निर्देशक विष्टले जीवन काँडाकि फूल बनाइसकेपछि धेरै पुस्तक पढेको र 'खलंगामा हमला' पुस्तकले आफ्नो मन छोएको बताउनुभयो । उहाँले लेखिका पौडेललाई सम्पर्क गर्नकै लागि दुई वर्ष लागेको सुनाउनुभयो । 'मैले पुस्तक पढिसकेपछि राधा जीलाई सम्पर्क गर्ने धेरै कोसिस गरेँ । कसैले उहाँ अमेरिका हुनुहुन्छ भनिदिए तर पनि मैले गुगल गरेरै भए पनि उहाँसँग सम्पर्क गरेँ', निर्देशक विष्टले भन्नुभयो, 'सम्पर्क नम्बर पत्ता लाग्ने बित्तिकै पुस्तकमाथि चलचित्र निर्माण गर्छु भन्ने कुरा गरेँ । तर अन्यले जस्तो सिधैं अनुमति दिनुस् चलचित्र बनाउँछु भन्ने तरिकाले अफर गरिन । तपाइँको पुस्तकमा यी कुराहरू मैले विशेष पाएँ भनेर उहाँलाई प्रस्ताव राखेँ ।'

निर्देशक विष्टले खलंगामा खासमा के भएको थियो भन्ने विषयमा आममानिसमा जिज्ञासा रहेको र त्यो कुरालाई आफूले चलचित्रमा विशेष तरिकाले देखाउने प्रष्ट पार्नुभयो । यस्तै लेखिका पौडेलले आफूलाई चलचित्रको प्राविधिक विषयमा खासै ज्ञान नभएकाले सबै जिम्मा निर्देशक विष्टलाई नै दिएको तर चलचित्र छायांकनको क्रममा आफू पनि सँगै रहने जानकारी दिनुभयो । लेखिका पौडेलले कतै तपाइँको पुस्तक अनुसार चलचित्रका दृश्यले न्याय दिँदैन कि भन्ने प्रश्नमा भन्नुहुन्छ, 'विनोद दाइप्रति विश्वास छ तर म पनि छायांकनको क्रममा सँगसँगै हुन्छु ।'

निर्देशक विष्टले चलचित्रमा अभिनय गर्ने कलाकार तय हुन बाँकी रहेको जानकारी दिनुभयो । उहाँका अनुसार यो चलचित्र निर्माणका लागि तीन करोड बजेट छुट्याइएको छ । उहाँले चलचित्रले मुनाफा कमाउनेभन्दा पनि आमदर्शक तथा श्रोतामाझ चलचित्र पुगोस् भन्ने मात्र सोचेको बताउनुहुन्छ । पौडेलले सन् २०१३ मा पुस्तक सार्वजनिक गर्नुभएको थियो । चलचित्र जुम्ला र चितवनमा छायांकन गरिने बताइएको छ ।

## आरएलको निर्देशनमा आए एकसाथ दुई भिडियो

**हिमालय टाइम्स**

**काठमाडौं, २४ जेठ**

नेपाली म्युजिक भिडियोको क्षेत्रमा मंगलबार 'छुट्टिएर बस्ने कुरा' र 'हे कान्छी' बोलका दुई भिडियो एकसाथ तयार भएका छन् ।

दुवै भिडियोलाई चलचित्र निर्देशक आरएल लामा मोक्तानले निर्देशन गर्नुभएको छ । 'छुट्टिएर बस्ने कुरा' मंगलबार बुढासुब्बा डिजिटलमार्फत सार्वजनिक भइसकेको छ भने 'हे कान्छी' असार १ मा सार्वजनिक गरिने छ ।

'आर' एल्बममा समावेश 'छुट्टिएर बस्ने कुरा'मा श्यामकुमार स्याङ् तानको स्वर, शब्द र विकास चौधरीको संगीत छ । भिडियोमा सोभित बस्नेत, श्यामकुमार स्याङ्तान, सुइन्जा सुनाम र शंकर कोइरालाले अभिनय गर्नुभएको छ । सञ्जु थोकरले खिचेको भिडियोको प्रस्तुतकर्ता खड्ग मोक्तान, सहनिर्मातामा जीवन लामा तथा निर्मातामा आर.सोनाम लामा, आरएल मोक्तान र श्यामकुमार स्याङ्तान हुनुहुन्छ ।




त्यसैगरी, 'हे कान्छी'मा श्यामकुमार स्याङ्तानका साथमा स्मृति शाहीको स्वर छ ।

श्यामकुमारकै शब्द रहेको गीत आर एल लामाले लेख्नुभएको हो । चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष राजकुमार राईको प्रमुख आथित्यतामा सम्पन्न कार्यक्रममा कलाकारिता क्षेत्रमा लामो समयदेखि योगदान दिँदै आएका निर्देशक मदन घिमिरे, रञ्जित राना, सोभित बस्नेत, अभिनेत्री शारदा गिरी, कविता राय, अभिनेता शीतल केसी, धर्मेन्द्र आचार्य, रमेश बस्नेतलगायत म्युजिक भिडियोका कलाकार तथा प्राविधिकलाई सम्मान गरिएको थियो ।

वर्गीकृत डिस्प्ले

पासपोर्ट हरायो

मिति २०७९-०१-१५ गते गौशाला बाट चावहिल जानेक्रममा मेरो निम्न विवरण सहितको पासपोर्ट बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी वा निम्न ठेगानामा सर्म्पक गरी दिन हुन अनुरोध गर्दछु ।

नाम : भोला प्रसाद तिमलसिना
ठेगाना : बर्दिवास, महोत्तरी
पासपोर्ट नं. : ११४७५६४७
फोन नं. : ९८४३०७१५४४

वर्गीकृत डिस्प्लेको लागि
सिधा सम्पर्क : ०१-४४७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौ : ०१-४४७८१७७
विराटनगर : ९८४२०५९११०
गौर, रौतहट : ९८४५१३५२३४
मलंगवा : ९८०४८२३४११

e-mail:
hitanewz@gmail.com
hitanewz@yahoo.com
Website :
ehimalayatimes.com.np

## नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७८ प्रदान

**रासस**

**काठमाडौं, २४ जेठ**

राष्ट्रपति विद्यादेवी भण्डारीले छ फरक विधाका कलाकारलाई नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७८ प्रदान गर्नुभएको छ । राष्ट्रपति कार्यालय शीतल निवासमा नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले आज आयोजना गरेको कार्यक्रममा उहाँले संगीत तथा नाट्य क्षेत्रका छ जना वरिष्ठ सर्जकलाई पुरस्कार प्रदान गर्नुभएको हो ।



रंगमञ्च विधामा रंगकर्मी ऋद्धिचरण श्रेष्ठ, परम्परागत तथा शास्त्रीय संगीत विधामा जलतरंग वादक मोहनप्रसाद जोशी, नृत्य विधामा नृत्य निर्देशक वीणा राजभण्डारी जोशी, नाट्य विधामा नाट्यकर्मी मनबहादुर मुखिया, संगीत विधामा सर्जक मोहनकृष्ण कार्की, ढली तथा लोक संगीत विधामा लोक सर्जक अमर विरही गुरुङले पुरस्कार पाउनुभएको छ । उहाँहरूले ताम्रपत्रसहित जनही एक लाख रुपैयाँ पाउनुभयो ।

राष्ट्रपति भण्डारीले नेपाली मौलिक कलाको खोजी गर्दै तिनलाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउनु प्रतिष्ठानको दायित्व रहेको बताउनुभयो । उहाले सम्मानित स्रष्टा तथा सर्जकहरू राष्ट्रका यस्ता गहना भएको उल्लेख गर्नुभयो । प्रज्ञा प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठले प्रतिष्ठान छिट्टै नै भाडाको घरबाट आफ्नै प्रशासनिक भवनमा सरेर आगामी गतिविधिहरूलाई निरन्तरता दिने जानकारी गराउनुभयो । उपकुलपति हरिहर शर्माले प्रतिष्ठानले हालसम्म गरेका गतिविधिका बारेमा जानकारी गराउनुभयो ।

## जोनसनलाई विश्वासको मत प्राप्त



**एजेन्सी,**

**लण्डन, २४ जेठ**

बेलायतका प्रधानमन्त्री बोरिस जोनसनलाई विश्वासको मत प्राप्त भएको छ । पार्टी गेट काण्डका कारण समस्यामा पर्नु भएका प्रधानमन्त्री आफ्नै पार्टीको संसदीय दलमा अविश्वासको प्रस्तावको सामना गर्नु भएको हो । विश्वासको मत पाएपछि उहाँको पद जोगिएको छ ।

कन्जरभेटिभ पार्टीको संसदीय दलमा भएको विश्वासको मतदानमा कन्जरभेटिभका कुल ३५९ सांसदमध्ये जोनसनको पक्षमा २११ मत परेको थियो भने उहाँको विपक्षमा १४८ मत परेको थियो । यो जितपछि जोनसन अब कम्तीमा एक वर्ष प्रधानमन्त्री पदमा रहनुहुनेछ । पार्टी र सरकारमा बढ्दो विरोधका कारण जोनसनको पद जाने आशंकाबीच २११ सांसदले उहाँमाथि विश्वास देखाएको एजेन्सीले जनाएको छ ।

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटिखेल, ललितपुर
बागमती प्रदेश नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:- २०७९/०२/२५)

महाङ्काल गाउँपालिका अन्तर्गत मानिखेल अस्पतालका लागि मेडिकल अधिकृत कर्मचारी ( चिकित्सक) करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्ने गरी तपशील बमोजिम दरखास्त आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिन्छ ।

तपशिल_

| सि.नं | विज्ञापन नं | पद | संख्या | परिक्षा दस्तुर | योग्यता |
|---|---|---|---|---|---|
| १ | ८/०७८/७९ | मेडिकल अधिकृत | २ | १०००/- | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण सस्थाबाट MBBS उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलको प्रमाणपत्र प्राप्त गरेको |

शर्त र मापदण्ड:_

१. नेपाली नागरिक भएको र प्रचलित कानूनद्वारा अयोग्य नठहरेको ।
२. परिक्षाको किसिमः- लिखित तथा मौखिक (महाङ्काल गाउँपालिकाको करार सेवामा कर्मचारी ब्यवस्थापन सम्बन्धी कार्याविधि २०७५ संशोधन सहित) बमोजिम
३. काम गर्नु पर्ने स्थान र कार्यविवरणः मानिखेल अस्पताल, मानिखेल, मेडिकल अधिकृत (चिकित्सक) ले गर्नु पर्ने काम।
४. सेवा सुविधाः- गाउँपालिकाको नियमानुसार सम्झौतामा तोके बमोजिम
५. उमेरः दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भइ ४० वर्ष ननाघेको र महिलाको हकमा ४५ बर्ष ननाघेको ।
६. करार अबधिः- सम्झौतामा उल्लेख भए बमोजिम।
७. पाठ्यक्रमः लोकसेवा आयोगले निर्धारण गरे बमोजिम
८. दरखास्त फारम साथ पेश गर्नु पर्ने प्रमाणित कागजातहरुः- नागरिकताको प्रतिलिपी, उम्मेद्वारको व्यक्तिगत विवरण (Bio-data), न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्र, ब्यावसायिक प्रमाणपत्र (License) तथा प्रचलित कानून बमोजिम अन्य कागजातहरु ।
९. दरखास्त दस्तुर उम्मेद्वारले सनराइज बैक लि. गोटिखेल शाखा महाङ्काल गाउँपालिकाको नाममा रहेको आन्तरिक राज्श्व खाता नं. ग-१-१ ०८४०५६१००८७०३००८ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने ।

**नोटः आवेदन फारम यस महाङ्काल गाउँपालिकाको website http://www.mahankalmun.gov.np बाट Download गर्न सकिने छ।**

**Email- mahankalmun2017@gmail.com, Phone.no- ९८५११९९११४**

प्रमुख प्रशासकीय अधिकृत